# दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका आधार

**विष्णुप्रसाद शर्मा**

Department of Nepali Education
Prithvi Narayan Campus, Pokhara

*Submitted: 02 Nov. 2025*
*Reviewed : 15 Dec. 2025*
*Accepted : 28 Dec. 2025*

***DOI:*** *10.3126/kdk.v6i1.90153*

***Corresponding Author:***
*Bishnu Prasad Sharma*
***Email:*** *sharmabp997@gmail.com*
**ORCID:** *https://orcid.org/0009-0003-3279-3148*

*Copyright 2026 © the Author (s) and the Publisher*

**कौमोदकी**
***Kaumodaki***
**Journal of Multidisciplinary Studies**
A Peer-Reviewed, Open Access Journal
**ISSN :**
2822 - 1567 (Print)
2822 - 1583 (Online)
https://www.nepjol.info/index.php/kdk/about

**Published by :**
Research Management Cell
Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**लेखसार** *प्रस्तुत अनुसन्धानमूलक लेख नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्ने अवधारणामा आधारित छ । यस लेखको उद्देश्य दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षणको औचित्य पहिल्याई हालसम्म यस क्षेत्रमा भएका उपलब्धिको लेखाजोखाका साथ शिक्षणीय आधार र कार्यान्वयनका उपाय सुझाउनु रहेको छ । अध्ययनमा गुणात्मक विधि, व्याख्यावादी दृष्टिकोण, मामला (केस) अध्ययनको ढाँचा र दोस्रो भाषा शिक्षणका सिद्धान्तलाई आधार बनाइएको छ । यसका लागि पुस्तकालय कार्यमा आधारित भई द्वितीयक स्रोतका सामग्रीको अध्ययन गरी आवश्यक तथ्य सङ्कलन गरिएको छ । यस क्रममा सङ्कलित तथ्यको विश्लेषण र छलफल गरी प्राज्ञिक जिज्ञासाको खोजी गरिएको छ । नेपाल अधिराज्यको संविधान (२०४७) पछि २०५० मा बनेको राष्ट्रिय भाषा नीति सुझाव आयोगले मातृभाषामा शिक्षा दिने र नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्नुपर्ने प्रस्ताव सर्वप्रथम अगाडि सारेको पाइन्छ । यसैगरी नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका लागि प्रस्ताव तयार भएको र नेपालको संविधान २०७२ मा पनि नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्न सकिने व्यवस्था भए पनि हालसम्म यसतर्फ ठोस कार्य नभएको तथ्य अध्ययनबाट प्राप्त भएको छ । नेपालका बहुसङ्ख्यक नेपालीले नेपाली भाषालाई सम्पर्क र माध्यम भाषाका रूपमा प्रयोग गर्ने सन्दर्भमा समय सापेक्ष पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक तयार, शिक्षण विधि र प्रक्रियामा सुधार तथा मूल्याङ्कनको यथोचित व्यवस्था गरी दोस्रो भाषाका रूपमा नेपाली शिक्षणलाई प्रभावकारी बनाउनुपर्ने निष्कर्ष अध्ययनबाट निस्किएको छ । यसर्थ अन्य मातृभाषा भएका विद्यार्थीलाई दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गरी उनीहरूमा नेपाली भाषाको पहुँचलाई सरल र सम्प्रेष्य बनाउन जरुरी देखिन्छ ।*

**शब्दकुञ्जी** दोस्रो भाषा, बहुभाषिक नीति, भाषा पाठ्यक्रम, भाषिक सिप, सञ्चारात्मक विधि ।

## विषय परिचय

भाषा भाव वा विचार सम्प्रेषणको सशक्त माध्यम हो । यो मानवीय एवम् सामाजिक वस्तु हो । भाषा बोध अभिव्यक्तिको प्रक्रिया हो । नेपाल बहुभाषी देश भएका कारण २०७८ को तथ्याङ्कअनुसार नेपालमा १२४ भन्दा बढी भाषा बोलिन्छन् (के.त.वि., २०७८) । १२४ भाषामध्ये धेरै नेपालीले सम्पर्क भाषाका रूपमा प्रयोग गर्ने भाषा र ४४.८६ प्रतिशतको मातृभाषा नेपाली हो । नेपालको संविधान २०७२ ले समेत नेपाली भाषालाई सरकारी कामकाजको भाषा मानेको छ (तिमिल्सिना र श्रेष्ठ, २०७२, पृ. ३३) । यस आधारमा नेपाली भाषा परम्परादेखि सबैजसो नेपालीहरूको साझा सम्पर्क भाषा, शिक्षा, सञ्चार र प्रशासनको माध्यम भाषाका रूपमा प्रयोग हुँदै आएको छ । नेपालीहरूबिच सामाजिक सम्पर्क र सद्भाव कायम गर्न, राष्ट्रिय एकता कायम गर्न, साहित्य, कला, पर्यटन, शिक्षा तथा सञ्चारको उन्नयन र प्रवर्धनका निम्ति, राजनीतिक विचार प्रवाह र मुलुकको आधुनिकीकरणका निम्ति भाषाले खेल्ने भूमिकालाई नेपाली भाषाले निर्वाह गर्दै आइरहेको छ ।

भाषा सिपपरक विषय हो । यसको सिकाइ जन्मेदेखि सुरु हुन्छ घर, विद्यालय, समाज, साहित्यलगायतको माध्यमबाट सिकाइले स्तरीयता र परिपक्वता पाउँदै जान्छ (गिरी, २०६९, पृ. १६-१९) । भाषाको सिकाइलाई पहिलो र दोस्रो भाषाका रूपमा हेर्न सकिन्छ । जन्मपछि आफ्नो आमाबाबुको काखमा बसेर, परिवारमा घुलमिल भएर सहज र प्राकृत रूपमा सिकिने भाषा पहिलो भाषा हो । यसलाई स्रोत भाषा पनि भनिन्छ । अनिवार्य आवश्यकताका कारण मस्तिष्कमा रहेको भाषा प्राप्ति संयन्त्र (LAD) सक्रिय भई प्रयत्न र भुलका माध्यमबाट पर्याप्त उत्प्रेरणा र सबलीकरणका सहायताले पर्याप्त सिकाइ परिवेशको फलस्वरूप बालकले पहिलो भाषाको प्राप्ति गर्दछ (अधिकारी, २०५७, पृ. ३६-३९) । पहिलो भाषाको सिकाइपछि रुचि वा ऐच्छिक आवश्यकताका कारण अभ्यास तथा पुनरावृत्तिका माध्यमबाट कृत्रिम परिवेशमा दोस्रो भाषाको सिकाइ हुन्छ । दोस्रो भाषाको सिकाइ पहिलो भाषाका तुलनामा जटिल एवम् चुनौतीपूर्ण हुन्छ ।

नेपाली मातृभाषी विद्यार्थीको तुलनामा विमातृभाषी नेपाली विद्यार्थीलाई नेपाली भाषाशिक्षण गर्न जटिल हुन्छ । मातृभाषा नेपाली भएका विद्यार्थीहरूमा नेपाली भाषाको पूर्व अनुभव हुन्छ । यस्ता विद्यार्थीहरूमा नेपाली भाषाको उच्चारण, शब्दभण्डार, वाक्यगठन, शैलीलगायत पक्षमा थोरै धेरै अनुभव र अभ्यास भइसकेको हुन्छ । यसको तुलनामा दोस्रो भाषी नेपाली विद्यार्थीहरू नेपाली भाषाको अनुभव पटक्कै नभएका, अलि अलि भएका र धेरै भएका गरी तीन थरीका हुन्छन् (शर्मा र पौडेल, २०६०, पृ. २८) । यस्ता विद्यार्थीलाई पहिलो मातृभाषी विद्यार्थीसँग राखेर शिक्षण गर्नु झन् चुनौतीपूर्ण हुन्छ । त्यसैले दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा समूह विभाजन गरी सोहीअनुसारका पाठ्यक्रम, पाठ्यपुस्तक, विधि, मूल्याङ्कनलगायतको व्यवस्था गरी उत्प्रेरणा र सबलीकरणयुक्त शिक्षण गर्नु वाञ्छनीय हुन्छ । यसै सन्दर्भमा यहाँ दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको औचित्य, प्रस्ताव उपलब्धि र कार्यकलापलाई क्रमशः उल्लेख गरिएको छ ।

आवश्यकतानुसार व्यक्ति/सिकारुले पहिलो र दोस्रो भाषा सिक्नुपर्ने हुन्छ । पहिलो भाषा सिकिसकेपछि सिकिने अर्को भाषालाई दोस्रो भाषा भनिन्छ । पहिलो भाषाको सिकाइ अनिवार्य हुन्छ; सहज र अनुकूल परिवेशमा हुन्छ भने यसको तुलनामा दोस्रो भाषाको सिकाइ अनिवार्य वा ऐच्छिक दुवै हुन्छ । दोस्रो भाषाको सिकाइमा पहिलो भाषाका अनुभवले बाधा र सुविधा पुऱ्याउँछ । दोस्रो भाषाको सिकाइमा सिकारुको व्यक्तित्व, उमेर, उत्प्रेरणा, बुद्धि, तत्परता, अभिवृत्तिजस्ता मनोवैज्ञानिक पक्षका अतिरिक्त भाषिक भिन्नता, सामाजिक दबाब,

वातावरणीय भिन्नता, जनसङ्ख्या जस्ता पक्षले प्रभाव पारेका हुन्छन् (पौडेल, २०६७, पृ. ४१) । नेपालको परिवेशमा नेपाली भाषा अधिकांश नेपालीको मातृभाषा र बहुसङ्ख्यक नेपालीको साझा सम्पर्क भाषा तथा सरकारी कामकाजको भाषा भएका कारण नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिकाइ गर्नुपर्ने अनिवार्य आवश्यकता बनेको छ ।

नेपाल बहुभाषिक देश भएका कारण यहाँ बोलिने १२४ भाषामध्ये १२३ भाषाभाषीले नेपालीलाई दोस्रो भाषाका रूपमा प्रयोग गर्छन् । अतः नेपाली मातृभाषा नभएका वा नेपालीइतर मातृभाषा भएका व्यक्तिहरूलाई नेपाली भाषा सिकाउने कार्य नै दोस्रो भाषाका रूपमा नेपाली शिक्षण हो । नेपालीइतर मातृभाषा भएका व्यक्तिहरू ५५.१४ प्रतिशत रहेका छन् । यिनीहरूको भाषिक पृष्ठभूमि फरक भएका कारण नेपाली भाषाको अनुभव पनि फरक फरक हुन्छ । नेपाली भाषाको उच्चारण, वर्णविन्यास, शब्दभण्डार, वाक्यगठन, शैलीगत विविधता जस्ता पक्षमा नेपालीइतर मातृभाषीको क्षमता शून्य, कम, सामान्य र बढी हुन सक्छ । विविध परिवेश र पृष्ठभूमि भएका बालबालिकाले नेपाली भाषाको सिकाइमा गर्ने त्रुटिको प्रकृति पनि फरक हुन्छ । तसर्थ दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्नु जटिल एवम् चुनौतीपूर्ण हुन्छ । यसका लागि कक्षा शिक्षणमा प्रशस्त उत्प्रेरणा र सबलीकरणका उपाय अवलम्बन गर्नु उपयुक्त हुन्छ ।

## अनुसन्धानात्मक समस्या र उद्देश्यकथन

शिक्षण चुनौतीपूर्ण एवम् गौरवमय कार्य हो । आवश्यकताअनुसार पहिलो भाषाका रूपमा नेपाली शिक्षण, दोस्रो भाषाका रूपमा नेपाली शिक्षण र विदेशी भाषाका रूपमा नेपाली शिक्षण गर्नुपर्ने हुन्छ । नेपाल बहुभाषिक मुलुक भएका कारण २०७८ को जनगणना अनुसार नेपालमा १२४ भन्दा बढी मातृभाषा रहेको देखिन्छ । नेपालको संविधान (२०७२) र नेपाल सरकारको प्रस्ताव (२०६८) बमोजिम नेपाली भाषालाई पहिलो र दोस्रो भाषाका रूपमा शिक्षण गर्न आवश्यक रहेको उल्लेख गरिएको छ । यहाँ उल्लिखित सन्दर्भलाई अध्ययन गर्दा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षणको औचित्य र आधारको खोजी गर्न आवश्यक देखिन्छ । नेपालमा बोलिने १२४ भाषामध्ये १२३ भाषाभाषीले नेपाली भाषालाई दोस्रो वा माध्यम भाषाका रूपमा उपयोग गर्ने हुँदा पनि दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको आधार पहिल्याउन जरुरी छ । २०४७ को संविधान तथा २०५० देखि बनेका विभिन्न आयोग तथा प्रतिवेदनहरूले पनि नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्न सकिने प्रस्ताव गरिएका सन्दर्भमा हालसम्म यस सम्बन्धमा के कस्ता उपलब्धि भएका छन् भन्ने तथ्य पनि खोजमूलक देखिन्छ । अर्कोतर्फ नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्नका लागि आगामी दिनमा के कस्ता नीति, कार्यक्रम र योजनाहरू बनाउन आवश्यक छ भन्ने विषयमा पनि खोजी गर्न जरुरी देखिन्छ । यही अनुसन्धानात्मक समस्याकथनमा केन्द्रित प्रस्तुत अनुसन्धानका उद्देश्य यस प्रकार छन् :

क) दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षणको आवश्यकता वा औचित्य पहिल्याउनु,

ख) दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षणका क्षेत्रमा हालसम्म भएका उपलब्धिको लेखाजोखा गर्नु,

ग) दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्न आवश्यक आधारको खोजी गरी कार्यान्वयनका उपाय सुझाउनु ।

## सम्बद्ध पूर्वकार्यको समीक्षा र अनुसन्धान अन्तराल

प्रस्तुत अनुसन्धानसँग सम्बन्धित भएर यसपूर्व केही कार्यहरू भएका छन् । शर्मा र पौडेल (२०६०) द्वारा पहिलो भाषाको सिकाइले दोस्रो भाषाको सिकाइमा प्रभाव पार्ने विषय (पृ. २८) मा चर्चा गरिएको छ । विशेष गरी शब्दभण्डार, उच्चारण, वाक्यगठन, शैली आदिको प्रभाव दोस्रो भाषा सिकाइमा देखिने तथ्य अध्ययनमा अघि सारिएको छ । यसैगरी पौडेल (२०६७) को अध्ययनमा दोस्रो भाषाको सिकाइमा सिकारुको व्यक्तित्व, उमेर, उत्प्रेरणा, बुद्धि, तत्परता, अभिवृद्धि जस्ता पक्षले प्रभाव पार्ने सन्दर्भलाई उल्लेख गरिएको छ । आचार्य (२०६८) द्वारा नेपालमा भाषा पाठ्यक्रमको स्थापनाको सन्दर्भ उल्लेख गर्दै नेपालका सन्दर्भमा दोस्रो भाषा शिक्षणको आवश्यकतामा जोड दिइएको छ। जोशी (सन् २००३) को अध्ययनमा नेपालमा शिक्षा विकासको ऐतिहासिक पक्षलाई केलाइएको छ।

राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०) को प्रतिवेदनमा दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्न आवश्यक रहेको देखाइएको छ । यसैगरी नेपाल सरकारको शिक्षा विभाग (२०६६) द्वारा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्न सकिने अवधारणा अघि सारिएको छ। यसो भए तापनि ढकाल (२०७३, पृ. ३३) को अध्ययनमा दोस्रो भाषा शिक्षणका लागि पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, यस सम्बन्धी अन्य कार्यमा ठोस उपलब्धि नभएको देखाइएको छ। नेपालको राष्ट्रिय जनगणना (२०७८) को तथ्याङ्कमा नेपालमा १२४ भन्दा बढी भाषा रहेको र नेपाली मातृभाषा बोल्नेहरूको सङ्ख्या अन्य भाषाको तुलनामा बढी रहेको देखाइएको छ । शर्मा (२०७८) द्वारा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्न आवश्यक रहेको (पृ. १९) तथ्य अघि सारिएको छ ।

यहाँ उल्लेख गरिएका अनुसन्धान सम्बद्ध पूर्वकार्यहरूको समीक्षा गर्दा सबैजसो अध्ययनबाट नेपालका सन्दर्भमा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्न सकिने विषयमा सङ्केत गरिएको छ । यस्ता अध्ययनहरूले प्रस्तुत अध्ययनका लागि सामान्य सैद्धान्तिक र व्यावहारिक आधार निर्माण गर्न सहयोग गरेका छन्। यसो भए तापनि उक्त अध्ययनहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्न आवश्यक रहेका विषयमा स्पष्ट औचित्य र आधार प्रस्तुत गर्न सकेका छैनन् । यही अनुसन्धान अन्तराल पूरा गर्ने कार्य प्रस्तुत अध्ययनमा गरिएको छ। अध्ययनमा नेपालको बहुभाषिक सन्दर्भमा दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्न स्पष्ट आधार खोजिएको छ।

## अनुसन्धान विधि र प्रक्रिया

भाषा शिक्षणमा केन्द्रित प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ। अनुसन्धानमा व्याख्यावादी दृष्टिकोण र मामला (केस) अध्ययन ढाँचालाई आधार बनाइएको छ । अनुसन्धानका दार्शनिक दृष्टिकोण तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका विधिलाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ :

### *दार्शनिक दृष्टिकोण*

प्रस्तुत अनुसन्धान बहुल सत्यमा आधारित छ । यसो भए तापनि यहाँ दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षणका आधारलाई सत्य (अन्टोलोजी) का रूपमा लिइएको छ । सत्य प्राप्त गर्नका लागि सहयोग लिइएका द्वितीयक स्रोतका सामग्रीलाई ज्ञानको स्रोत (इपिस्टोमोलोजी) मानिएको छ । यसैगरी अनुसन्धानबाट प्राप्त विषयगत ज्ञानलाई मूल्य (एक्जियोलोजी) का रूपमा लिइएको छ । यस्तो ज्ञान उपयोगितावादी र सापेक्षतामा आधारित रहेको छ । प्रस्तुत अनुसन्धानात्मक लेखमा ज्ञान निष्कर्षका रूपमा आएको छ । अनुसन्धानमा तर्कलाई लम्बीय र क्षतिजीय रूपमा प्रस्तुत गरिएको छ ।

### *तथ्याङ्क सङ्कलन र विश्लेषणका आधार*

प्रस्तुत अनुसन्धानमा शाब्दिक तथ्याङ्क सङ्कलन गर्नका लागि द्वितीयक स्रोतलाई आधार बनाइएको छ । यस अन्तर्गत नेपालका विभिन्न समयमा बनेका संविधान, विभिन्न समयका आयोगका प्रतिवेदन, अनुसन्धान ग्रन्थ, पुस्तक, अनुसन्धानात्मक लेख आदि रहेका छन् । प्राप्त तथ्यको अध्ययन गर्ने, सङ्गठन गर्ने, विषयगत (थिमेटिक) आधारमा शीर्षक, उपशीर्षक तयार गर्ने र सोअनुसार तथ्यको प्रविष्टि गरी विश्लेषण गर्ने कार्य गरिएको छ । यसैगरी पूर्व अध्येतासँग संवाद गर्दै छलफलका माध्यमबाट तर्कलाई पुष्टि गर्ने कार्य अध्ययनमा गरिएको छ । अध्ययनलाई अनुसन्धानात्मक बनाई प्राज्ञिक जिज्ञासाको खोजी गरिएको छ । अनुसन्धानमा दोस्रो भाषा शिक्षणका सिद्धान्तलाई अवलम्बन गरिएको छ । प्रस्तुत अनुसन्धानमा एपिए सातौँ संस्करणको प्राविधिक शैलीलाई आधार बनाइएको छ ।

## **नतिजा र छलफल**

प्रस्तुत अनुसन्धान कार्यबाट प्राप्त परिणाम र यससम्बन्धी छलफललाई निम्न लिखित उपशीर्षकमा केन्द्रित रही क्रमशः प्रस्तुत गरिएको छ ।

### *औचित्य/आवश्यकता*

नेपाली भाषा स्वदेश तथा विदेशका विभिन्न भागमा बोलिने, व्याकरण र कोश निर्माणका दृष्टिले समृद्ध एवम् ऐतिहासिक महत्त्व बोकेको भाषा हो । नेपालको संविधान २०४७ र २०७२ ले सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिएको नेपाली भाषा नेपालका अन्य भाषासरहको राष्ट्रभाषा हो । विभिन्न जात, जाति, भाषा, भाषी र संस्कृतिका व्यक्तिहरूबिच एकताका सूत्रमा बाँध्ने नेपाली भाषा राष्ट्रिय एकताको प्रतीक पनि हो । अतः नेपाली मातृभाषीका लागि मात्र नभएर अन्य मातृभाषीका लागि समेत नेपाली भाषाको प्रयोग सहज एवम् युगानुकूल आधुनिक र मानक बन्नु आवश्यक छ । दिनानुदिन बढ्दै गइरहेको ज्ञानको विष्फोटलाई भाषाले बहन गर्दै आम प्रयोक्ताका लागि माध्यम बन्नु सफल भाषाको विशेषता पनि हो । प्रयोक्ताको चाहनाअनुकूल समग्र राष्ट्रिय गतिविधिको बाहकका रूपमा भाषालाई गतिशील बनाउन शिक्षण सिकाइ कार्य गर्नु आवश्यक

हुन्छ । खास गरी दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको औचित्य एवम् आवश्यकतालाई निम्न लिखित बुँदागत रूपमा (शर्मा, २०७८, पृ. १९) उल्लेख गर्न सकिन्छ :

क) नेपालको संविधान २०७२ ले व्यवस्था गरेअनुसार नेपाली भाषा हाल सरकारी कामकाजको भाषा भएका कारण सरकारका तीन अङ्ग (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) मा नेपाली भाषाको प्रयोगावस्थालाई सहज, स्तरीय र सम्पादनीय बनाउन,

ख) नेपाली भाषा १२३ भाषाभाषी अर्थात् ५५.१४ प्रतिशत नेपालीको साझा सम्पर्क भाषा र ४४.८६ प्रतिशत नेपालीको मातृभाषा भएका कारण नेपाली भाषालाई आम नेपालीहरूबिच सम्प्रेषणीय बनाउन र राष्ट्रिय एकतामा आबद्ध गर्न,

ग) दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षणका माध्यमबाट सिकारुको आफ्नो मातृभाषा, संस्कृति, जाति र अस्तित्वको पहिचान भई त्यसको संरक्षण, संवर्धन र विकास गर्न साथै नेपाली भाषाका पाठ्यसामग्री आफ्ना भाषामा अनुवाद गर्न,

घ) शिक्षाको मूलधारमा नसमेटिएका, नेपाली भाषाको अनौपचारिक अनुभव मात्र लिन विवश भएका विमातृभाषी नेपालीलाई दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षणका माध्यमबाट औपचारिक ज्ञान, सिप र धारणाको विकासमा सहयोग पुऱ्याउन,

ङ) अर्को भाषाका माध्यमबाट त्यो देशको भाषा, साहित्य, कला, दर्शन, संस्कृति, धर्म, ज्ञान, विज्ञान, भूगोल, राजनीति, इतिहास, सभ्यतालगायतको ज्ञान हासिल गरी आवश्यकतानुकूल त्यसलाई आफ्नो जीवन व्यवहारमा उपयोग गर्न,

च) दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षण भनेकै स्तरीय वा मानक नेपालीको शिक्षण भएको हुँदा योजनाबद्ध, व्यवस्थित र शिक्षार्थीपरक नेपाली भाषाको शिक्षणले मातृभाषाको प्रभाव र अन्य कारणले देखापर्ने त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउन (पौडेल, २०६६, पृ. ३६),

छ) विदेशी वा दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षणबाट नेपालीहरूसँग आपसी समझदारी वृद्धि गर्न, व्यापार व्यवसाय सञ्चालन गर्न, बौद्धिक उन्नयन गर्न र आफ्नो भाषामा मात्र सीमित ज्ञानको दायरालाई फराकिलो बनाउन तथा नेपाली भाषाको शैक्षणिक उद्देश्य पूरा गर्न,

ज) नेपाली भाषा सूचना तथा सञ्चारको भाषा, प्रकाशनको भाषा, पठनपाठनको माध्यम भाषा भएकाले नेपाली भाषाको औपचारिक शिक्षणबाट नेपाली भाषामा बोध अभिव्यक्ति क्षमता बढाउन साथै विषयगत लेखक, अध्यापकहरू द्विभाषिक अनुवादक बन्न,

माथि उल्लिखित विभिन्न तर्क र प्राज्ञिक आधारमा दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षणको औचित्य पुष्टि हुन्छ ।

## *प्रस्ताव र उपलब्धि*

नेपालमा शिक्षा विकासको इतिहास लामो छ । राणा शासनकालभर (१९०३-२००७) अङ्ग्रेजी शिक्षा, संस्कृत शिक्षा, भाषा शिक्षा, आधार शिक्षा, अनौपचारिक शिक्षा र धार्मिक शिक्षा गरी छ किसिमका शिक्षा प्रणालीहरू (जोशी, सन् २००३, पृ. १२) विद्यमान भए पनि १९५८ मा खुलेको भाषापाठशाला नै सार्वभौम

प्रकृतिको प्राथमिक शिक्षा थियो; जसलाई आधुनिक प्राथमिक शिक्षा (आचार्य, २०६८, पृ. १०) का रूपमा लिन सकिन्छ । यस समयदेखि *नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन* (२०११) सम्म दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षण गर्ने दृष्टिकोण पाइँदैन । यस्ता विद्यार्थीका लागि भिन्न पाठ्यक्रम र पाठ्यपुस्तकको सिफारिस पनि भएको छैन । अर्थात् मातृभाषी र विमातृभाषी नेपालीले एउटै पाठ्यक्रम र पाठ्यपुस्तकबाट सिकाइ गरेको पाइन्छ ।*सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन* (२०१८) ले प्राथमिक कक्षाहरूमा स्थानीय भाषामा शिक्षा दिन सकिने राय व्यक्त गरे पनि दोस्रो भाषाका रूपमा नेपाली शिक्षणबारे स्पष्ट दृष्टिकोण आएको छैन । यसैगरी *राष्ट्रिय शिक्षा पद्धति योजना* (२०२८-३२) र *राष्ट्रिय शिक्षा आयोग* (२०४९) ले प्राथमिक तहमा स्थानीय भाषालाई माध्यम भाषा बनाउन सकिने, विद्यार्थीलाई मातृभाषामा अध्ययन गर्न प्रोत्साहित गर्ने (आचार्य, २०६८, पृ. १२) दृष्टिकोणको उल्लेख भए पनि नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्ने स्पष्ट निर्देशन भएको पाइँदैन ।

बैरागी काइँला (तिलविक्रम नेम्बाङ) को संयोजकत्वमा गठित *राष्ट्रिय भाषा नीति सुझाव आयोग* ( २०५०) को प्रतिवेदनले दोस्रो भाषाका रूपमा नेपाली शिक्षण, मातृभाषामा शिक्षण र दोस्रो भाषी विद्यार्थीका लागि अलग पाठ्यक्रम, पाठ्यपुस्तक र विधिको प्रस्ताव गरेको छ । उक्त आयोगको सुझावमा भनिएको छ -

> विभिन्न मातृभाषी पृष्ठभूमि भएका कतिपय बालबालिकाहरूले विद्यालय आउँदा नेपाली भाषाको भाषिक वातावरण पाइसकेका हुँदैनन् । विद्यालयसम्म आइपुग्दा राष्ट्रभाषा नेपालीको बिलकुलै अनुभव नभएकाहरूलाई यो भाषा सिकाउन कठिन हुने हुनाले मातृभाषा सरहका पद्धति तथा विधिको उपयोग गरी राष्ट्रभाषाको अनुभव सुगम र प्रभावकारी रूपमा दिन सकिन्छ । यस क्रममा बालबालिकाहरूलाई पहिलो भाषा र दोस्रो भाषामा निहित समानता र भिन्नताको अध्ययनका आधारमा तयार पारिएका पाठ्यसामग्रीहरूलाई उपयोग गरी शिक्षण गर्नु आवश्यक हुन्छ । (पृ. २९)

नेपाल सरकारको *शिक्षा विभाग* (२०६६) ले दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्न सकिने अवधारणा प्रस्तुत गरेको छ । यो नेपालमा सरकारी स्तरबाट सर्वप्रथम ल्याइएको पहिलो अवधारणा हो । यसपूर्व *राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन* (२०५०) ले पनि यही सुझाव दिएको थियो । २०६६ को सुझावलाई कार्यान्वयन गर्ने प्राथमिक प्रयासस्वरूप शिक्षक निर्देशन पनि तयार पारेको देखिन्छ (आचार्य, २०६८, पृ. १४) । प्रस्ताव तथा दृष्टिकोण आए पनि दोस्रो भाषी विद्यार्थीका लागि नेपाली शिक्षण गर्न अलगै पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू तयार गर्नतर्फ ठोस कार्य भएको देखिँदैन । भाषामा दोस्रो भाषी विद्यार्थीका लागि समेत ( ढकाल, २०७३, पृ. ३३०) भनिए पनि उनीहरूलाई मातृभाषी विद्यार्थीकै लागि तयार गरिएका पाठ्यक्रम र पाठ्यपुस्तक शिक्षण गरिँदै आएको पाइन्छ । विभिन्न उपलब्धि मूल्याङ्कनले पनि दोस्रो भाषी विद्यार्थीका लाीग फरक पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण विधिको आवश्यकता औंल्याएका छन् ।

### *शिक्षण कार्यकलाप*

भाषापाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरूलाई उपलब्धिपूर्ण बनाउने काम शिक्षण कार्यकलापको हो । शिक्षण कार्यकलापलाई शिक्षण कौशल, शिक्षण प्रविधि र सिकाइ सहजीकरण प्रक्रिया पनि भनिन्छ । शिक्षण कार्यकलापको सम्बन्ध शिक्षण पद्धति तथा शिक्षण विधिसँग रहन्छ । अमेरिकन भाषावैज्ञानिक एडवार्ड एन्थोनी

(सन् १९६३) का अनुसार पद्धति स्वयम्सिद्ध हुन्छ; जसले सिकाइने विषयवस्तुको स्वभाव वा प्रकृतिको वर्णन गर्छ। यसै गरी विधि भाषा सामग्रीहरूको क्रमबद्ध प्रस्तुतिका लागि गरिने समष्टिगत योजना हो। पद्धति स्वयम्सिद्ध हुन्छ तर विधि प्रक्रियात्मक हुन्छ। एउटा पद्धतिअन्तर्गत धेरै विधिहरू आउन सक्छन्। प्रविधि कुनै पनि तहको कक्षाकोठामा हुने प्रक्रिया र विश्लेषणसँग सम्बन्धित हुन्छ (पौडेल, २०६७, पृ. ५०)। शिक्षण प्रविधिसँग शिक्षण कार्यकलाप सम्बन्धित हुन्छ। पद्धति भाषा र भाषाशिक्षणको दर्शन हो। त्यसैले यसलाई विधिहरूको दार्शनिक आधार भनिन्छ (पौडेल र खतिवडा, २०६७, पृ. १६५)। सिकारुको रुचि, उमेर, भाषिक, सांस्कृतिक पृष्ठभूमि, पाठ्यांशको उद्देश्यजस्ता आधारमा एउटा कक्षामा एकभन्दा बढी विधिको छनोट गर्न सकिन्छ। विधिलाई कार्यान्वयन गर्ने प्रक्रिया वा युक्ति प्रविधि हो। यसर्थ कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापलाई अगाडि बढाउन उपयोग गरिने क्रियाकलाप नै शिक्षण प्रविधि हुन्। पद्धति कुनै खास भाषावैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूको उपयुक्त पृष्ठभूमिसँग सम्बन्धित हुन्छन्। अतः भाषाशिक्षणमा यस्ता सिद्धान्त, विधि र प्रविधिको आवश्यकतानुकूल उपयोग गरिन्छ।

कक्षामा विविध भाषिक पृष्ठभूमिका विद्यार्थी हुन्छन्। तिनलाई एउटै पद्धति र प्रक्रियाबाट शिक्षण गर्नु वैज्ञानिक हुँदैन भन्ने निष्कर्ष माथि उल्लेखित विभिन्न प्रतिवेदन र उपलब्धि मूल्याङ्कनले प्रस्ताव गरेका छन्। यसर्थ दोस्रो भाषी नेपाली हुने विद्यार्थीहरूका लागि उनीहरूको भाषिक पृष्ठभूमिको पहिचान गर्ने, तुलनात्मक र व्यतिरेकी अध्ययन गर्ने, उनीहरूलाई भाषिक पृष्ठभूमिका आधारमा अलग अलग पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण निर्देशिका, सहायक सामग्री, शिक्षण सामग्री तथा शिक्षक प्रशिक्षण जस्ता योजना, रणनीति र कार्यनीतिका आधारमा नेपाली भाषाशिक्षण गर्नु उपयुक्त हुन्छ। यसै तथ्यलाई विचार गरी निम्न कार्य र प्रक्रिया अपनाई दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्नु वाञ्छनीय हुन्छ।

### पाठ्यक्रममा सुधार

दोस्रो भाषाका रूपमा नेपाली सिकाइ गर्ने सिकारुहरूको सर्वप्रथम भाषिक पृष्ठभूमिको ख्याल गर्ने, उनीहरूको भाषिक आवश्यकता र कठिनाइ क्षेत्र पहिल्याउने, भाषिक सिप र पाठ्यवस्तुको छनोट र स्तरणमा उचित ध्यान दिने, स्थानीय परिवेशको पर्याप्त उपयोग हुने गरी शिक्षण विधि निर्धारण गर्ने र भाषिक मूल्याङ्कन गर्दा दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थी हुन् भनी ख्याल गर्ने (पौडेल, २०६७, पृ. ३३) जस्ता कार्यद्वारा पाठ्यक्रम निर्माण तथा सुधार गरी दोस्रो भाषी विद्यार्थीलाई नेपाली भाषा शिक्षण गर्नुपर्दछ।

### *पाठ्यपुस्तकमा सुधार*

विमातृभाषी नेपाली विद्यार्थीहरूको आवश्यकता र भाषिक क्षमतालाई ख्याल गरी भाषिक सिपको विकासमा मद्दत पुग्ने खालका विविध विषयवस्तु समावेश गर्नुपर्छ। यसक्रममा उच्चारण, शब्दभण्डार, वाक्यगठन, वर्णविन्यास जस्ता पक्षको उचित सङ्गठन र स्तरण गर्नुपर्छ। व्याकरण र भाषालाई सँगसँगै सिकाउने किसिमले पाठहरूको व्यवस्था मिलाउनुपर्छ (शर्मा र पौडेल, २०६०, पृ. २९)। विविध अभ्यासात्मक

कार्यकलापको अवसर प्रदान गरी दृश्यात्मक सामग्रीहरूको प्रशस्त उपयोग गरेर विद्यार्थीमैत्री पाठ्यपुस्तक तयार गर्नुपर्छ ।

### *शिक्षण विधि र प्रक्रियामा सुधार*

पहिलो मातृभाषी हुने विद्यार्थीलाई भन्दा दोस्रो मातृभाषा नेपाली हुने विद्यार्थीका लागि केही भिन्न शिक्षण पद्धति, विधि र प्रक्रिया अपनाउनु पर्छ । यसका लागि आगमनात्मक, निगमनात्मक, श्रुतिभाषिक, सम्प्रेषणात्मक जस्ता शिक्षणपद्धति र व्याकरणानुवाद विधि, प्रत्यक्ष विधि, ध्वन्यात्मक विधि, भाषा नियन्त्रण विधि, मौन विधि, पठन विधि जस्ता दोस्रो भाषाशिक्षणका विधि र यिनै अनुकूलका कार्यकलाप अपनाउनु पर्छ (पौडेल, २०६६, पृ. ३३) । योजनाबद्ध शिक्षण, निरन्तर मूल्याङ्कन तथा अभ्यासात्मक कार्यकलापका साथ निराकरणात्मक शिक्षणको व्यवस्था मिलाउनु पर्छ । सिकाइमा मातृभाषाको हस्तक्षेप कम गर्न विभिन्न उपाय (जस्तै, दोस्रो भाषामै कुरा गर्न लगाउने) अपनाउने र साहित्यलाई भाषिक सिपसँग आबद्ध गरेर शिक्षण गरेको खण्डमा दोस्रो भाषाका रूपमा नेपाली शिक्षण सफल र प्रभावकारी हुन्छ ।

### *मूल्याङ्कन विधिमा सुधार*

दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षण गर्दा मूल्याङ्कनलाई शिक्षणको अभिन्न अङ्ग बनाउनु पर्छ । आवश्यकतानुसार निर्माणात्मक, निदानात्मक र निर्णयात्मक मूल्याङ्कनको उपयोग निरन्तर गर्नुपर्छ । मूल्याङ्कनमा पृष्ठपोषणलाई विशेष महत्त्व दिनुपर्छ । लिखित, मौखिक, प्रयोगात्मक जस्ता मूल्याङ्कनलाई महत्त्व दिनुपर्छ (पौडेल, २०६७, पृ. ३४) साथै मूल्याङ्कनका साधन र स्रोतमा समसामयिक सुधार गर्दै तिनमा विविधता ल्याउनु पर्छ ।

दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षण गर्दा माथि उल्लिखित कार्य र प्रक्रियाका आधारमा दोस्रो भाषाशिक्षणका पद्धति र विधिलाई शिक्षण कार्यकलापमा रूपान्तरण गर्नुपर्छ । विविध भाषिक पृष्ठभूमि भएका सिकारुको भाषिक क्षमता र कठिनाइको स्तर पनि फरक फरक हुन्छ । नेपाली भाषाको वाक्यगठन, शब्दभण्डार, उच्चारण, वर्णविन्यास, शैलीजस्ता पाठ्यवस्तुहरूको प्रकृति, सिकारुको स्तर वा तह, रुचि, आवश्यकता, शैक्षणिक तथा मनौवैज्ञानिक आधार जस्ता पक्षलाई पनि शिक्षण कार्यकलापको चयनमा ध्यान दिनुपर्छ । साहित्यिक विधाको शिक्षणलाई विषयगत रूपमा शिक्षण नगरी सिपगत रूपमा गरिनुपर्छ । समग्रमा दोस्रो भाषाशिक्षणका विधि र पद्धतिलाई आधार बनाएर दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षण गर्दा अपनाउन सकिने कार्यकलापलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### *निगमनात्मक पद्धतिसँग सम्बन्धित कार्यकलाप*

यस पद्धतिअनुसार शिक्षण गर्दा शिक्षककेन्द्रित विधि तथा कार्यकलाप अपनाइन्छ । शिक्षकले नियम र सूत्रहरूलाई दोहोऱ्याई, तेहेऱ्याई व्याख्या गर्छन्, उदाहरण दिन्छन्, उदाहरण घोक्न लगाउँछन्, घोकेका आधारमा विद्यार्थीले थप कुरा सिक्दै जान्छन् र उनीहरूको यसैका आधारमा मूल्याङ्कन गरिन्छ (पौडेल, २०६७, पृ. ५३) ।

यस पद्धतिअनुसार शिक्षण गर्दा व्याख्या, छलफल, प्रश्नोत्तर गराइन्छ। शिक्षकको सक्रियतामा विद्यार्थीले पाठ्यवस्तुको श्रवण, पठन र धारण गर्दछन् ।विद्यार्थी कम सक्रिय हुने र कण्ठस्थीकरण तथा उदाहरणीकरणका आधारमा विद्यार्थी मूल्याङ्कन गरिने हुँदा यो विधि, पद्धति तथा कार्यकलापलाई नीरस, अवैज्ञानिक र परम्परागत मानिन्छ तापनि अझै दोस्रो वा पहिलो भाषाशिक्षणमा यही पद्धति/विधि तथा कार्यकलाप धेरै थोरै प्रयोग भएको देखिन्छ ।

### *आगमनात्मक पद्धतिसँग सम्बन्धित कार्यकलाप*

यस पद्धतिअनुसार भाषाशिक्षण गर्दा विद्यार्थीकेन्द्रित कार्यकलाप अपनाइन्छ। उदाहरणीकरण, स्पष्टीकरण, अभ्यासीकरण, नियमीकरण र मूल्याङ्कन (पौडेल र खतिवडा, २०६७, पृ. १८८) जस्ता शिक्षण प्रक्रियाका आधारमा यस पद्धतिअनुसारभाषाशिक्षण गरिन्छ । यसमा शिक्षक सहजकर्ताका रूपमा रही विद्यार्थीलाई खोजमूलक कार्य समस्या समाधान, भाषिक प्रयोग, बोध, अभिव्यक्ति जस्ता शिक्षण कार्यकलाप गर्न लगाइन्छ । पाठ्यवस्तु वा पाठमा प्रयुक्त भाषिक नियम खोज्न लगाइन्छ। निगमनात्मक पद्धतिका तुलनामा यस पद्धतिअनुसारका कार्यकलापलाई विद्यार्थी केन्द्रित, आधुनिक र वैज्ञानिक मानिन्छ । परियोजना कार्य, समूह कार्य र पुस्तकालयीय कार्य, छलफल, प्रश्नोत्तर, समीक्षा, प्रस्तुतीकरण, विधागत ढाँचामा लेखन, कक्षाकार्य, गृहकार्य, रङ्गमञ्च अभिनय (शर्मा, २०६८, पृ. ७५) जस्ता विधि तथा कार्यकलापलाई आगमनात्मक पद्धतिमा उपयोगमा ल्याइन्छ ।

### *श्रुतिभाषिक पद्धतिसँग सम्बन्धित कार्यकलाप*

यस पद्धतिअनुसार शिक्षण गर्दा विद्यार्थीलाई सर्वप्रथम सुनाइ र बोलाइ केन्द्रित कार्यकलाप गराइन्छ । भाषिक सिपलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइको क्रममा शिक्षण गरिन्छ (शर्मा र पौडेल, २०६०, पृ. ६१) । दैनिक कुराकानीमा प्रयोग भइरहनेससाना संवादहरूको श्रवण र कथनमा जोड दिइन्छ। सुन्न र बोल्नमा अभ्यास गराइन्छ। शिक्षक विद्यार्थीबिच प्रशस्त प्रश्नोत्तर गराइन्छ ।विद्यार्थीका आफ्नै परिस्थितिलाई उपयोग गरी बौद्धिकता र जटिलताविना नै भाषाको संरचनात्मक अभ्यास गराइन्छ ।विद्यार्थीका श्रुतिभाषिक पक्षमा आधारित भई लेख्न र पढ्न लगाइन्छ। भाषिक सिपको शिक्षणमा विद्यार्थीलाई प्रशस्त अभ्यास, उत्प्रेरणा र सबलीकरणजन्य कार्यकलापमा जोड दिइन्छ । लयबद्धवाचन, श्रुतिलेखन, नियन्त्रित मौखिक र लिखित अभिव्यक्ति गराइन्छ। वस्तु, चित्र, तस्बिर र भाषिक कार्यका माध्यमबाट कक्षाकोठामा सन्दर्भ अनुकूल बोध अभिव्यक्तिगत अभ्यासमा जोड दिई भाषाशिक्षण गराइन्छ। सामूहिक र व्यक्तिगत शिक्षण तथा मनोवैज्ञानिक र शैक्षणिक सुसिक्यतालाई समेत दोस्रो भाषाशिक्षणमा विशेष जोड दिइन्छ ।

### *सम्प्रेषणात्मक पद्धतिसँग सम्बन्धित कार्यकलाप*

विद्यार्थीको सम्प्रेषणात्मक सामर्थ्यको विकासमा सहयोग पुऱ्याउने सम्प्रेषणात्मक पद्धतिले घरपरिवार, पसल, साथीभाइ, विद्यालय, यातायात, अपरिचित व्यक्ति आदिमा भाषाको सम्प्रेषण कसरी गर्ने भन्ने कुरालाई

महत्त्व दिइन्छ (भट्टराई र अन्य, २०६५, पृ. २०५) । यस पद्धतिअनुसार भाषाशिक्षण गर्दा प्रशस्त अभ्यासमूलक क्रियाकलाप गराइन्छ । अन्तरक्रिया तथा सूचनाको आदानप्रदानमा जोड दिन लगाइन्छ । भाषाको सन्दर्भपरक प्रयोगमा जोड दिन लगाइन्छ । वस्तु वा चित्र वर्णन, अन्तरक्रियामूलक कार्यकलापअन्तर्गत संवाद, छलफल, भूमिका निर्वाह, अभिनय, खेल, वादविवादजस्ता प्रकार्यहरू गर्न लगाइन्छ । शिक्षक सहजकर्ताका रूपमा रही निष्क्रिय सिकारुलाई सक्रिय बनाई भाषिक सम्प्रेषणमा सहभागी बनाउन शिक्षकको भूमिका महत्त्वपूर्ण रहन्छ । सम्प्रेषणात्मक कार्यकलापहरू व्याकरणात्मक उपयुक्तता र शुद्धतातर्फभन्दा सम्प्रेषणात्मक क्षमता छिटो प्राप्त गराउनतर्फ केन्द्रित रहेका हुन्छन् (पौडेल, २०६७, पृ. ८९) । विद्यार्थीहरूमा मौखिक र लिखित अभिव्यक्तिको विकास गराउनु यस पद्धतिको मुख्य उद्देश्य भएकाले विद्यार्थीहरूलाई मूलतः खेल विधि, कथोपकथन विधि, समस्या समाधान विधि, अभ्यास, छलफल जस्ता विधिसँग जोडेर शिक्षण क्रियाकलाप गराइन्छ । विद्यार्थी केद्रित कार्यकलाप, अभ्यासात्मक कार्यकलाप, निराकरणात्मक शिक्षण, प्रयोगात्मक एवम् सुधारात्मक मूल्याङ्कन जस्ता शिक्षण कार्यकलाप/तरिका/प्रक्रिया यस पद्धतिमा अपनाइन्छ ।

### *प्रत्यक्ष विधिसँग सम्बन्धित कार्यकलाप*

शिक्षणीय नेपाली भाषालाई साधन र साध्य बनाई दोस्रो भाषाशिक्षण गर्ने विधि प्रत्यक्ष विधि हो । यस विधिमा आधारित शिक्षण कुनै कुराको प्रदर्शन, भूमिका निर्वाह तथा वर्णनमा आधारित हुन्छ । यसमा दृश्य सामग्रीहरूको उपयोग गरी बोल्ने र लेख्ने अभ्यास गराइन्छ । यसमा श्रुतिलेखन तथा स्वतन्त्र एवम् निर्देशित कथन वा लेखनसम्बन्धी अभ्यास गराइन्छ । भाषा प्रयोगलाई वस्तु वा वातावरणसँग प्रत्यक्ष सम्बन्ध गराइन्छ । व्यवहार र प्रयोगबाटै भाषा सिकिन्छ भन्ने मान्यता राख्ने यस विधिमा प्रदर्शन, वर्णन, भूमिका निर्वाह, श्रुतिलेखन, निर्देशित लेखन, स्वतन्त्र लेखन, मौखिक रचना, लिखित रचना जस्ता कार्यहरू गराइन्छ । सस्वरपठन, उच्चारण, अनुकरण, प्रश्नोत्तर जस्ता कार्यकलापबाट नेपाली भाषाको प्रत्यक्ष प्रयोगमा जोड दिन लगाइन्छ । यसमा आगमनात्मक किसिमले व्याकरण शिक्षण गरिन्छ । दैनिक प्रयोगमा आउने शब्द र वाक्यद्वारा श्रव्य, दृश्य, पाठ्य सामग्रीको प्रयोग गरी भाषाशिक्षण गरिन्छ । भाषिक सिपको क्रम सुनाइ, बोलाइ, पढाइ, लेखाइमा आधारित हुन्छ । सुरुमा प्रशस्त मौखिक अभ्यास वा उच्चारणको अभ्यास गराइन्छ । व्याख्या कम र अनुकरणमा जोड दिन लगाइन्छ । नेपाली भाषाको सहज र स्वाभाविक सिकाइसँग प्रत्यक्ष विधिमा आधारित कार्यकलापहरू केन्द्रित हुन्छन् । यस्तो कक्षा रुचिपूर्ण र जीवन्त हुन्छ ।

यहाँ उल्लेख गरिएका अतिरिक्त मौखिक संरचना सन्दर्भ पद्धति, संज्ञानात्मक पद्धति, प्राकृत/नैसर्गिक पद्धति, प्रकार्यात्मक पद्धति तथा व्याकरण विधि, अनुवाद विधि, व्याकरणानुवाद विधि, ध्वन्यात्मक विधि, भाषा नियन्त्रण विधि, पठन विधि, मौन विधि जस्ता दोस्रो भाषाशिक्षणका विधिबाट दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्न सकिन्छ । यस्ता पद्धति र विधिमा आधारित रहेर सस्वर पठन तथा मौन पठन गराएर, व्याकरण अनुवाद गराएर, भाषा अनुवाद गराएर, प्रकार्यपरक शिक्षण गराएर, व्यक्तिगत तथा समूह कार्य गराएर जस्ता कार्यद्वारा दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्न सकिन्छ । योजनाबद्ध शिक्षण, निरन्तर मूल्याङ्कन, विद्यार्थीका कठिनाइ क्षेत्रको पहिचान, त्रुटिको पहिचान, वर्गीकरण र विश्लेषण, निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन,

उत्प्रेरणा र पृष्ठपोषण, श्रव्यदृश्य, पाठ्य, स्पर्श्य जस्ता शिक्षण सामग्रीको प्रयोगलगायतका विधि र शिक्षण कार्यकलापको प्रयोगद्वारा दोस्रो भाषाका रूपमा नेपाली शिक्षणलाई सफल र प्रभावकारी बनाउन सकिन्छ ।

## निष्कर्ष

नेपालका भाषाहरूमध्ये धेरै देशमा फैलिएको र धेरै जनसङ्ख्याले बोल्ने भाषा नेपाली हो । यो भाषा साझा सम्पर्क, सञ्चार, शिक्षा, प्रकाशन, पठनपाठन, प्रशासनलगायतको माध्यम भाषा भएका कारण नेपाली भाषालाई पहिलो वा दोस्रो भाषाका रूपमा सिक्नुपर्ने आवश्यकता छ । नेपाली भाषाका माध्यमबाट सिकारुको त्रुटि क्षेत्र पहिचान गरी निराकरण गर्न, सिकारुमा भाषिक सिप तथा पक्षको विकास गर्न, दोस्रो भाषा नेपालीका माध्यमबाट स्वभाषा, स्वसंस्कृति र स्वसभ्यताको पहिचान, संरक्षण र संवर्द्धन गर्न, स्वदेश तथा विदेशका नेपाली भाषी र अन्य भाषी बिच आपसी समझदारी वृद्धि गर्न, व्यापार व्यवसाय सञ्चालन गर्न, आफ्ना भाषामा मात्र सीमित ज्ञानको दायरालाई फराकिलो बनाउन साथै विभिन्न देशको भाषा, साहित्य, कला, संस्कृति, सभ्यता, भूगोल, राजनीति जस्ता पक्षको जानकारी लिएर त्यसलाई विविध रूपमा प्रयोग गर्न साथै नेपाली भाषाका पाठ्यसामग्री आफ्नो भाषामा अनुवाद गरी आफ्नो भाषा, साहित्यको विकास गर्न पनि दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षणको औचित्य छ ।

शिक्षा विकासको सुरुवातसँगै मातृभाषाको प्रसङ्ग आए तापनि *राष्ट्रिय भाषा नीति सुझाव आयोग* (२०५०) *को प्रतिवेदन*बाट मात्र दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्नुपर्छ र यसका लागि अलग पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, सामग्री र मूल्याङ्कनको आवश्यकता पर्छ भन्ने सुझाव दिइएको पाइन्छ । फलस्वरूप २०६६ मा आएर *दोस्रो भाषाशिक्षण निर्देशन* तयार भएको छ । दोस्रो भाषाशिक्षणका लागि विभिन्न पद्धति, विधि र कार्यकलापहरू अपनाउन सकिन्छ । पद्धति, विधि र कार्यकलाप पनि एक आपसमा सम्बन्धित छन् । अतः दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका लागि आगमन, निगमन, मौखिक संरचना सन्दर्भ, सम्प्रेषणात्मक जस्ता पद्धति तथा व्याकरण अनुवाद, प्रत्यक्ष, मौन, भाषा नियन्त्रण जस्ता विधिअन्तर्गत रहेर सस्वर पठन, मौन पठन, समूह कार्य, परियोजना कार्य, पुस्तकालयीय कार्य, छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रस्तुतीकरण, कक्षाकार्य, गृहकार्य जस्ता विविध शिक्षण कार्यकलाप अपनाउनु पर्छ । शिक्षण कार्यकलाप अपनाउँदा पाठ्यवस्तुको स्वरूप, उद्देश्य, सिकारुको तह, रुचि, आवश्यकता र शिक्षण सामग्रीको प्रयोगलाई अवश्य ख्याल गर्नुपर्छ । साथै उत्प्रेरणा र सबलीकरणका उपाय सदैव अपनाउनु पर्छ । भाषाशिक्षणका सिद्धान्त र शैक्षणिक एवम् मनोवैज्ञानिक पक्षलाई आधार बनाउन  आवश्यक छ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०५७). *नेपाली भाषाशिक्षण, केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, शर्वराज (२०६८). दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षण गराउने दृष्टिकोणको अध्ययन. *पृथ्वीदर्पण,* २ (२), १०-१७ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८). *जनगणना.* नेपाल सरकार ।

गिरि, जीवेन्द्रदेव (२०६९). *भाषा र नेपाली भाषा.* पाठ्यसामग्री पसल ।

ढकाल, शान्तिप्रसाद (२०७३). *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* पिनाकल पब्लिकेसन ।

तिमिल्सिना, ताराप्रसाद र श्रेष्ठ, मनिषकुमार (२०७२). *नेपालको संविधान २०७२.* स्वदेश प्रकाशन ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६६). *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण.* शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६६). *दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका लागि शिक्षक निर्देशन.* शिक्षा विभाग, बहुभाषी शिक्षा कार्यक्रम ।

पाठ्यक्रम विकास केन्द्र (२०७७). नेपाली दोस्रो भाषी विद्यार्थीलाई सहयोगका लागि शिक्षण सामग्री (राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम). नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

पौडेल, नेत्रप्रसाद (२०६६). *नेपाली भाषाशिक्षण.* पैरवी प्रकाशन ।

पौडेल, नेत्रप्रसाद र खतिवडा, तीर्थराज (२०६७). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६७). *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०६७). *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०). *राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन २०५०.* प्रज्ञा भवन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण.* न्यु हिरा बुक्स ।

शर्मा, विष्णुप्रसाद (२०६८). साहित्य शिक्षणमा अपनाइने शिक्षण विधि तथा कार्यकलापहरू. *पृथ्वीदर्पण,* २(२), ७३-७९ ।

शर्मा, विष्णुप्रसाद (२०७८). *नेपाली भाषा शिक्षणका प्रायोगिक पक्ष.* हिमालय प्रकाशन प्रा. लि ।